नेपाल सरकार
गृह मन्त्रालय
लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३ | मिति: २०८२/०९/१० गते

प्रेस विज्ञप्ति नं. :३८४ | ने.सं. ११४६

---

## प्रेस विज्ञप्ति

## विदेशी नागरिकको पेट भित्रबाट लागु औषध कोकिन जस्तो देखिने सेतो पदार्थ बरामद ।

---

**हवाई मार्ग हुँदै नेपाल आएका विदेशी नागरिकहरुलाई निग्रानी गर्ने क्रममा लागु औषध कारोवारमा संलग्न अन्तराष्ट्रिय गिरोहका ३ जना विदेशी नागरिकहरुलाई लागु औषध कोकिन जस्तो देखिने सेतो पदार्थ सहित पक्राउ गरिएको ।**

- **अप्रेशन : १**

  लाओसबाट थाईल्याण्ड हुँदै काठमाण्डौ आएकी थाई नागरिक बर्ष ४० की MISS RUSANEE KAMA लाई विशेष स्रोतबाट प्राप्त सूचनाको आधारमा मिति २०८२।०९।०८ गते जिल्ला काठमाण्डौ का.म.न.पा. ९ सिनामंगल स्थित एक होटलमा फेला पारी खानतलासी गर्दा निजको साथवाट १२ वटा प्लाष्टिक कोटेट क्याप्सुल भित्र लागु औषध कोकिन जस्तो देखिने सेतो पदार्थ बरामद गरी थप अनुसन्धानको सिलसिलामा निजले मुखवाट निलेर (Swallow) पेट भित्र लुकाई ल्याएको अन्य २९ वटा क्याप्सुलहरु समेत अस्पतालमा स्वास्थ्यकर्मीको सहयोगबाट निकाली बरामद गरी जम्मा ४१ वटा प्लाष्टिक कोटेट क्याप्सुल तौल गर्दा **लागु औषध कोकिन जस्तो देखिने सेतो पदार्थ ५५० ग्राम** सहित पक्राउ गरिएको ।

- **अप्रेशन : २**

  लाओसबाट सिंगापुर हुँदै काठमाण्डौ आएका भारतीय नागरिक बर्ष ५५ को XAVIER MATHEW THALIACHERY लाई निग्रानी गर्दै जाने क्रममा मिति २०८२।०९।०८ गते जिल्ला काठमाण्डौ का.म.न.पा. ९ सिनामंगल स्थित सडकमा निज र निजको साथमा रहेको सुटकेस रिसिभ गर्न आएका अर्को भारतिय नागरिक बर्ष २१ को MURSALEN HUSSAIN समेत २ जनालाई सँगसाथै रहेको अवस्थामा फेला पारी खान तलासी गर्दा उक्त सुटकेश भित्र रहेको कफीको प्याकेटमा लुकाई राखेको अवस्थामा **लागु औषध कोकिन जस्तो देखिने सेतो पदार्थ ३ के.जि. ७५० ग्राम** सहित पक्राउ गरिएको ।

***पक्राउ परेका प्रतिवादीहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान भईरहेको ।***

•••






**प्रहरी नावय उपरीक्षक**

**(जिवन निरौला)**

**सह-प्रवक्ता / सूचना अधिकारी**

---


टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]

इमेल: [ncb@nepalpolice.gov.np]



नेपाल प्रहरी